**निर्णय नं. १ :** आ.व. २०७९/८० को योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था र कार्यपालिकाका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २ :** पुतलीबजार नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुतिका लागि आगामी आषाढ ७ गते हुने नगर सभाको देहाय बमोजिमको कार्यतालिका पारित गर्ने निर्णय गरियो ।

| क्र.स | समय | क्रियाकलाप / कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | बिहानको ११ बजे | नगर सभा सदस्य ज्यूहरु सभाहल प्रवेश | |
| २ | ११:१५ | नगर सभा अध्यक्ष एवं नगर प्रमुखज्यु हल प्रवेश | |
| ३ | ११:१८ | राष्ट्रिय गान (सामुहिक) | |
| ४ | | | |
| ५ | ११:२० | ज्ञात / अज्ञात सहिद हरु प्रति १ मिनेट मौन धारण | |
| ६ | ११:२५ | प्रमुख ज्युबाट नगर सभा संचालनको घोषणा सहित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको प्रस्तुति | |
| ७ | ११:५० | उप प्रमुख ज्यू बाट आ व २०८०/८१ को बजेट वक्तव्य सहित आर्थिक विधेयक र विनियोजन विधेयकको प्रस्तुति | |
| ८ | १२:१५ | प्रस्तुत नीति कार्यक्रम तथा बजेट प्रस्तावमा आवश्यक छलफल | |
| ९ | १२:२० | नीति तथा कार्यक्रमको समिक्षा तथा बजेट सम्बन्धी प्रस्ताव पारित एवं स्वीकृतिको लागि प्रस्तुत गर्ने | |
| १० | १२:३० | उक्त प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने | |
| ११ | १२:३५ | लेखा समितिका संयोजकबाट लेखा तथा बेरुजु सम्बन्धी प्रतिवेदन पेश गर्ने | |
| १२ | १३:०० | प्रतिवेदन उपर छलफल | |
| १३ | १३:२० | प्रतिवेदन पारीत गर्ने | |
| १४ | १३:२५ | विद्यायन समितिका संयोजकबाट न्यायिक तथा विद्यायिकी कार्यहरुको प्रतिवेदन तथा पुतली बजार प्राज्ञ पतिंस्ठान विधेयक प्रस्तुती | |
| १५ | १३:४० | विधेयक तथा प्रतिवेदन उपर छलफल | |
| १६ | १३:५० | विधेयक तथा प्रतिवेदन पारीत गर्ने | |
| १७ | १४:०० | प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट पेश भएका कार्यपालिकाका विभिन्न निर्णय तथा नीति गत प्रस्तावहरुको अनुमोदन तथा स्विकृती | |
| १८ | १४:३० | उक्त प्रस्तावहरु उपर छलफल एवं स्विकृती | |
| १९ | १४:५० | उप प्रमुख ज्यूबाट धन्यवाद ज्ञापन | |
| २० | १५:०० | अध्यक्ष ज्यूबाट सभाको समापन | |
| २१ | १५:१५ | खाजा नास्ता चिया पान | |

**निर्णय नं. ३** लामागे बिल्डर्स प्रा.लि.(विक्रम के.सी.) पु.ब.न.पा. १४ लाई घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र तथा लाइसेन्स प्रदान गर्ने निर्णय गरियो । साथै प्रत्येक आ.व.को चैत्र मसान्तमा समाप्त हुने लाइसेन्स नवीकरणको म्याद प्रत्येक आ.व.को आषाढ मसान्त सम्म कायम रहने गरी दोब्बर को पनि दोब्बर दस्तुर लिई नवीकरणको लागि व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४** नगरपालिका भित्रका सार्वजनिक जग्गाको व्यवस्थित लगत तयार पारी उपयोगमा ल्याउने निर्णय गरियो ।

तुलसी राम रेग्मी

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं. १ :** आ.व. २०७९/८० को योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था र कार्यपालिकाका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २ :** पुतलीबजार नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुतिका लागि आगामी आषाढ ७ गते हुने नगर सभाको देहाय बमोजिमको कार्यतालिका पारित गर्ने निर्णय गरियो ।

| **क्र.स** | **समय** | **क्रियाकलाप / कार्यक्रम** | **कैफियत** |
|---|---|---|---|
| १ | बिहानको ११ बजे | नगर सभा सदस्य ज्यूहरु सभाहल प्रवेश | |
| २ | ११:१५ | नगर सभा अध्यक्ष एवं नगर प्रमुखज्यु हल प्रवेश | |
| ३ | ११:१८ | राष्ट्रिय गान (सामुहिक) | |
| ४ | | | |
| ५ | ११:२० | ज्ञात / अज्ञात सहिद हरु प्रति १ मिनेट मौन धारण | |
| ६ | ११:२५ | प्रमुख ज्युबाट नगर सभा संचालनको घोषणा सहित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको प्रस्तुति | |
| ७ | ११:५० | उप प्रमुख ज्यू बाट आ व २०८०/८१ को बजेट वक्तव्य सहित आर्थिक विधेयक र विनियोजन विधेयकको प्रस्तुति | |
| ८ | १२:१५ | प्रस्तुत नीति कार्यक्रम तथा बजेट प्रस्तावमा आवश्यक छलफल | |
| ९ | १२:२० | नीति तथा कार्यक्रमको समिक्षा तथा बजेट सम्बन्धी प्रस्ताव पारित एवं स्वीकृतिको लागि प्रस्तुत गर्ने | |
| १० | १२:३० | उक्त प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने | |
| ११ | १२:३५ | लेखा समितिका संयोजकबाट लेखा तथा बेरुजु सम्बन्धी प्रतिवेदन पेश गर्ने | |
| १२ | १३:०० | प्रतिवेदन उपर छलफल | |
| १३ | १३:२० | प्रतिवेदन पारीत गर्ने | |
| १४ | १३:२५ | विद्यायन समितिका संयोजकबाट न्यायिक तथा विद्यायिकी कार्यहरुको प्रतिवेदन तथा पुतली बजार प्राज्ञ पतिंस्ठान विधेयक प्रस्तुती | |
| १५ | १३:४० | विधेयक तथा प्रतिवेदन उपर छलफल | |
| १६ | १३:५० | विधेयक तथा प्रतिवेदन पारीत गर्ने | |
| १७ | १४:०० | प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट पेश भएका कार्यपालिकाका विभिन्न निर्णय तथा नीति गत प्रस्तावहरुको अनुमोदन तथा स्विकृती | |
| १८ | १४:३० | उक्त प्रस्तावहरु उपर छलफल एवं स्विकृती | |
| १९ | १४:५० | उप प्रमुख ज्यूबाट धन्यवाद ज्ञापन | |
| २० | १५:०० | अध्यक्ष ज्यूबाट सभाको समापन | |
| २१ | १५:१५ | खाजा नास्ता चिया पान | |

**निर्णय नं. ३** लामागे बिल्डर्स प्रा.लि.(विक्रम के.सी.) पु.ब.न.पा. १४ लाई घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र तथा लाइसेन्स प्रदान गर्ने निर्णय गरियो । साथै प्रत्येक आ.व.को चैत्र मसान्तमा समाप्त हुने लाइसेन्स नवीकरणको म्याद प्रत्येक आ.व.को आषाढ मसान्त सम्म कायम रहने गरी दोब्बर को पनि दोब्बर दस्तुर लिई नवीकरणको लागि व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४** नगरपालिका भित्रका सार्वजनिक जग्गाको व्यवस्थित लगत तयार पारी उपयोगमा ल्याउने निर्णय गरियो ।

तुलसी राम रेग्मी

**निर्णय नं. ५** विभिन्न वडा समितिबाट योजना संशोधनका लागि सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो।

- पु.ब.न.पा. १०, कान्छीबजार आरुपाटा लुम्दी ग्रा.स.को नाला सरसफाईका लागि वडाको विपद् व्यवस्थापनको रकम रु. १०,०००।– प्रदान गर्ने।
- पु.ब.न.पा. १०, तीर्थ घर पछाडी वाल निर्माणका लागि विपद् व्यवस्थापनको रकम रु.१०,०००।–
- पु.ब.न.पा. १०, बटुस टोलको गाउँ फर्क विद्यालयको पछाडि जाली भर्ने कामको लागि विपद व्यवस्थापनको बाँकी रकमबाट रु.२०,०००।– प्रदान गर्ने
- पु.ब.न.पा. ९, कृषि तथा पशु बीमा शीर्षकमा भएको रु. ५०,०००।– कोल्मा स्वास्थ्य चौकीको एम्बुलेन्स व्यवस्थापनमा खर्च गर्ने।
- पु.ब.न.पा. ७, वडा स्तरीय योजना अन्तर्गत मजुवा खोला सिंचाई कुलो निर्माणका लागि विनियोजित रकम रु.४०,००० घैया खेत पुछारको कुलो मर्मतलाई उपलब्ध गराउने।
- पु.ब.न.पा. ७, वडा स्तरीय योजना अन्तर्गत पिपलबोट थुम्का ठुलाडिही सडकको रु. १,००,०००।– हुँगीखोला थुम्का आमबोट सडक जोड्ने गोरेटो बाटो निर्माणको लागि उपलब्ध गराउने निर्णय गरियो।
- पु.ब.न.पा.७, वडा स्तरीय योजना अन्तर्गत दलित आयआर्जन कार्यक्रमको रु.१,००,०००।– दलित आयआर्जन तथा खानेपानी मर्मतका लागि उपलब्ध गराउने।
- पु.ब.न.पा. १४, ज्ञानज्योति प्रा.वि. लाइ वडा स्तरीय योजना बाट अनुदान स्वरुप रु. ५०,०००।– उपलब्ध गराउने।
- पु.ब.न.पा. १४, विपद् व्यवस्थापनको रकम रु.७५,०००। पुतलीखेत आरुचौर सडक सरसफाई तथा मर्मत सम्भारको लागि रु. ७५,०००।
- पु.ब.न.पा. १४ धारापानी कुकुरगाडे गोरेटो बाटोको सट्टा स्यानी चौरी कुकुर गाडे मोटर बाटो सञ्चालन गर्न रु १,००,०००।
- वडा नं ३ महिलाहरुको लागि क्षमता विकास कार्यक्रमको रु १,००,०००.पाठेघरको मुखको क्यान्सर जाच सम्बन्धि सिविर संचालन को अनुमति दिने।
- वडा नं ६को विपद व्यवस्थापनमा विनियोजित रकम रु ३५००० बाट जस्तापाता अनुदान (रुद्र बहादुर दमाइ)

**निर्णय नं.६** पुतलीबजार नगरपालिका भित्र रहेको श्री समरजित गुल्म आँधीखोला ब्यारेक स्याङ्जाको माग अनुसार गुल्मको दक्षिण पट्टिको भागमा पहिरोको जोखिम भएकोले सो जोखिम न्यूनीकरण गर्न विपद व्यस्थापन शिर्षकबाट खर्च हुने गरी रु १,७७,६६७/- उपलब्ध गराउने भनि नगर प्रमुखबाट भएको आदेशलाइ अनुमोदन गर्ने।

**निर्णय नं.७** पु.ब.न.पा. १४, खर्क पँधेरा तल्लो डिही खा.पा. मर्मत अन्तर्गत टंकी पुनर्निर्माणका लागि रु.१,००,०००।– मर्मत सम्भार शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८** वडा नं. ४ को वडा कार्यालय तथा पूर्वाधार व्यवस्थापनका लागि फर्निचर एण्ड फिक्स्चर शीर्षकबाट रु.८०,०००।– उपलब्ध गराउने।

**निर्णय नं.९** पु.ब.न.पा. मा नक्सापास तथा अभिलेखिरण गर्ने कार्य थप ब्यबस्थित पार्न देहायबमोजिम गर्ने निर्णय गरियो।

क. साबिक गा.बि.स बाट नगरपालिकामा गाभिएका वडाहरुको हकमा नगरपालिका हुनु पूर्व बनेको घर भएमा सधियारको सर्जमिन मुचुल्का र वडा सिफारिशको आधारमा तत्कालिन मापदण्डको आधारमा अभिलेखीकरण गरिने,

ख. अभिलेखीकरण गर्ने घरहरुको हकमा सडक खोला खोल्सीको सेड-ब्याक लागु नहुने,

ग. नक्सा पासको प्रक्रियामा आएको पासको प्रक्रिया नियमित नभएको घर निर्माण सम्पन्न गरेकोलाई इन्जिनीयरले भवन संहिता तथा नगरपालिकाको मापदण्ड बमोजिम छ भनि प्रतिबेदन दिएमा ३००% दस्तुर लिई घर निर्माण सम्पन्न प्रामाणपत्र दिने।

घ. इजाजत लिदाको घरको क्षेत्रफल र हालको क्षेत्रफल नमिलेमा पुन नक्सा पेश गरि अभिलेखीकरण दिने।

ङ. घर निर्माण ब्यबसायीलाई नक्सा बमोजिम घर निर्माण नगरेमा नगरपालिकाले तोके बमोजिमको जरिवाना लगाउनु पर्ने ब्यबस्था गर्नुपर्ने।

तुलसी राम रेग्मी
नगर प्रमुख

च. साबिक नगर बिकास समितीमा घर नक्साको लागि पेश भइ नगर विकास समितीले नक्सा स्वीकृत गरि पठाएका नक्सा हरुको हक मा नामसारी तथा स्वीकृत लिदाको मापदण्ड पुरा गरेमा अभिलेखीकरण दिने ।

**निर्णय नं.१०** टेम्पो, अटो रिक्सा,रिक्सा ब्यबस्थापन कार्यबिधि २०७५ बमोजिम पेस हुन् आएका देहाए बमोजिमका सबारीधनीको अटोरिक्सा रुट तथा संचालन ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

- गणेश बहादुर शाही हाल पु ब न पा १ स्याङ्जा ग.प्र ०४.००१ ह. ०२६६ (पु ब न पा अन्तर्गतका तोकिएको रुटमा )
- मन बहादुर खड्का पु ब न पा १४ स्याङ्जा ग.प्र ०४००१ ह ०३५१
- गेज शर्मा ढकाल आँधिखोला ६ स्याङ्जा ग.प्र ०४००१ ह ०२५४६

**निर्णय नं ११** पुतलीबजार बहु उदेश्यीय विकास केन्द्र को भ्रमण शीर्षकको रकम रु १००००० बहु उद्देश्यीय विकास संचालन केन्द्र ब्यबस्थापनका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२** शैक्षिक विकास तथा पूर्वाधार व्यवस्थापन तर्फका देहाय बमोजिमका निर्णयहरु कार्यान्वयनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

१. पुतलीवजार नगर शिक्षा समितिको मिति २०७९/९/३० र मिति २०८०/१/२४ को बैठकको निर्णयानुसार वन्द भएका विद्यालयका कर्मचारी विद्यलय सहयोगी र वालविकास शिक्षकहरुलाई अवकास दिनका लागि नगर कार्यपालिकाको मिति २०८०/१/ २९ को बैठकले नगर शिक्षा समितिको बैठकको निर्णय अनुमोदन भएकोका परिवर्तित परिवेश विद्यालय कर्मचारीको देश व्यापी आन्दोलन तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रले वन्द तथा मर्ज भएका विद्यलयका कर्मचारी तथा बालबिकास शिक्षकको ब्यवस्थापन पालिका भित्रका अन्य विद्यालयमा गर्नु हुन भन्ने पत्राचार समेत गरेको हुँदा मिति २०८०/२/ ५ मा नगर प्रमुख स्तरीय निर्णय गरी मिति २०७९।९।३० मा अवकास दिएका कर्मचारी र बालबिकास शिक्षकको ब्यवस्थापन गरेको साथै मिति २०८०।१।२४ मा बन्द भएका विद्यालयका कर्मचारी र बालबिकास शिक्षकहरुलाई नगर प्रमुखको निर्णयानुसार आवश्यकता अनुसार व्यबस्थापन शिक्षा शाखा मार्फत ब्यबस्थापन गरिएको निर्णयलाई अनुमोदन गर्ने ।

२. पुतलीवजार नगरपालिकालाई प्राप्त सशर्त तर्फको को वार्षिक कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को कृयाकलाप नं. ११.१.२.४४५ मा भएको व्यवस्था अनुसार केन्द्रबाट छनोट भएका नमूना विद्यालय सुधार गूरु योजना अनुरुप भौतिक निर्माण अनुदान तर्फ रु ५००००००। पचास लाख विनियोजन भएकोमा श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालयले स्वीकृत गरेको गुरु योजना अनुरुप विद्यालयमा भौतिक निर्माण कार्यहरु संचालन एबम सम्पादनका लागि रु ५००००००। पचास लाख अनुदान प्रदान गर्ने ।

३. पुतलीवजार नगरपालिका अन्तरगत संचालित बिद्यालयहरुमा कार्यरत महिला शिक्षक सुत्केरी हुँदा पढाईमा हुने क्षति कम गर्नाकालागि सुत्केरी सट्टा शिक्षक व्यवस्थापन गर्दै आएकोमा निम्न बिद्यालयहरुमा रहेका वालबिकास शिक्षक सुत्केरी हुँदा शिक्षक व्यवस्थापन गर्नका लागि नगर प्रमुख समक्ष निवेदन प्राप्त भएको र नगर प्रमुख ज्यूको निर्देशन बमोजिम सुत्केरी सट्टाकोलागि तपशिल अनुसारको रकम सोही शिर्षकमा बिनियोजन भएको रकमबाट खर्च लेख्ने गरी स्विकृत गर्ने ।

**क.** श्री पुण्यशिला आधारभूत विद्यालय पुतलीवजार -३ को लागि मासिक रु १००००। का दरले ३ महिनाको जम्मा नगद अनुदान रु ३०,०००।

**ख.** श्री अमर सहिद आधारभूत विद्यालय पुतलीवजार - १२ को लागि मासिक रु १००००। का दरले ३ महिनाको जम्मा नगद अनुदान रु ३०,०००।

**ग.** पुतलीवजार नगरपालिका अन्तरगत संचालित श्री शारदा माध्यमिक विद्यालय पुतलीवजार - ७ मा शिक्षक सरुवाको कारण पढाईमा क्षति हुन पुगेको कारण विद्यालयलाई पढाई व्यवस्थापन गर्न १ जना शिक्षक मासिक रु १००००। मा २ महिनाको लागि राख्न विद्यालयलाई नगर प्रमुख वाट तोक आदेश भए बमोजिम सो विद्यालयलाई नगद अनुदान रु २००००।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं. १३ :** वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन एकीकरण कार्यक्रम अन्तर्गत व्यवसायिक बाख्रापालन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको आन्तरिक श्रोत बाट स्थानीय तह तर्फको योगदान स्वरुप रु.५,१६,०००।- बजेट व्यवस्थापन गरी साझेदारीतामा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख